नेपाली राजदूतावास
**EMBASSY OF NEPAL**
Brussels, Belgium

# प्रेस विज्ञप्ति

आज मार्च २२, २०१६ का दिन बेल्जियमको राजधानी ब्रसेल्सस्थित जेभेन्टम अन्तर्राष्ट्रिय विमानस्थल तथा युरोपियन यूनियनको मुख्यालय नजिकको मोलविक मेट्रो स्टेशनमा भएको आतंककारी बम विस्फोटनबाट हुन पुगेको जनधनको क्षतिप्रति नेपाली दूतावास गहिरो दुःख प्रकट गर्दछ। उक्त विस्फोटनमा परी ज्यान गुमाउनेहरुका शोक सन्तप्त परिवारहरुमा समवेदना व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ।

साथै, विस्फोटनपश्चात बेल्जियम सरकारले जारी गरेको सूचना बमोजिम आफ्नो सुरक्षाको लागि सकेसम्म घरवाहिर निस्कदा र सार्वजनिक भिडभाडयुक्त ठाँउहरुमा जाँदा विशेष सुरक्षा सतर्कता अपनाउन समेत बेल्जियममा बसोबास गर्ने सम्पूर्ण नेपालीजनमा हार्दिक अनुरोध छ।

हालसम्म दूतावासलाई प्राप्त जानकारी अनुसार उक्त घटनाहरुमा कोही पनि नेपाली नागरिकहरु नपरेको व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ। कुनै नेपाली नागरिक प्रभावित भएको जानकारी प्राप्त भएमा वा घटनाबाट प्रभावित कुनै नेपाली नागरिकको लागि सहयोगको आवश्यकता परेमा यथाशिघ्र यस दूतावासको निम्न ठेगानामा सम्पर्क गर्नुहुन समेत सम्पूर्ण नेपाली संघ संस्थाहरु, नेपाली दिदीवहिनी, दाजुभाईहरु तथा सम्बन्धित सबैमा अनुरोध छ।

दूतावासको सम्पर्क ठेगाना

210 Avenue Brugmann,
1050 ब्रसेल्स, बेल्जियम
फोन: 0032 2 346 26 58
फ्याक्स: 0032 2 344 13 61
इमेल: embn@skynet.be

नेपाली राजदूतावास, ब्रसेल्स
मिति: २२/०३/२०१६